दामन वनस्पती उद्यान प्रवेशमा शुल्क लाग्ने । पृष्ठ ५ मा

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com
खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१५, ● अंक-०१ ● २०७९ साउन ०२ गते सोमबार, ● 18 July 2022, ● नेपाल सम्वत्-११४२, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## बेरूजू फछ्र्यौटमा थाहनगरलाई बकैया गाउँपालिकाले उछिन्यो

◆ विकास संवाददाता

मकवानपुरका १० स्थानीय तह मध्ये बकैया गाउँपालिका सबैभन्दा कम बेरूजू भएको पालिका भएको छ । आर्थिक वर्ष २०७७/०७८ को अन्तिम लेखापरीक्षण प्रतिवेदनमा बकैयाको जिल्लामै कम बेरूजू देखिएको हो । २९ असारमा महालेखा परीक्षकको कार्यालयले ५९ औं वार्षिक प्रतिवेदन सार्वजनिक गरेको छ ।

मकवानपुरको बकैया गाउँपालिकाको १ अर्ब ४९ करोड ३८ लाख ४० हजार रूपियाँको लेखा परीक्षण हुँदा १ करोड ५२ लाख ६८ हजार अर्थात १.०२ प्रतिशत बेरूजु कायम भएको छ । आर्थिक वर्ष २०७६/०७७ को अन्तिम लेखा परीक्षणमा जिल्लामै थाहा नगरपालिका सबै भन्दा कम बेरूजु रहेको थियो । तर थाहानगर ले उक्त स्थान आर्थिक वर्ष २०७७/०७८ मा टिकाउन सकेन ।

त्यसैगरी दोस्रो कम बेरूजु बागमती गाउँपालिकाको २.३३ प्रतिशत, तेस्रो हेटौंडा उपमहानगरपालिका ३.१७, चौथो स्थानमा थाहा नगरपालिका ३.९६ प्रतिशत बेरूजु कायम रहेको छ ।

त्यसैगरी इन्द्रसरोवर गाउँपालिकाको ५.०१ प्रतिशत, कैलाशको ५.३९, भिमफेदीको ४.६९, मकवानपुरगढीको ५.५६, राक्सिराङको ४.१६ र मनहरी गाउँपालिकाको सबैभन्दा बढि बेरूजु १०.२५ प्रतिशत बेरूजू रहेको प्रतिवेदनमा उल्लेख छ ।

### खुल्ला उपमेयरकप ब्याडमिन्टन प्रतियोगिता

## विद्युत प्राधिकरण पालुङलाई उपाधि

विकास संवाददाता
थाहानगर

मकवानपुर थाहा नगरपालिका स्तरीय उपमेयरकप खुल्ला ब्याडमिन्टन प्रतियोगितामा नेपाल विद्युत प्राधिकरण पालुङ वितरण केन्द्र प्रथम भएको छ । यो उपमेयरकप खुल्ला ब्याडमिन्टन प्रतियोगिताको तेस्रो संस्करण हो । थाहानगरको क्याम्पा डाँडामा रहेको कबर्डहलमा भएको प्रतियोगितामा विद्युत प्राधिकरणले ॐ नमः शिवाय टिमलाई पराजित गर्दै नगरस्तरीय उपाधि चुम्न सफल भएको हो ।

प्रतियोगितामा विद्युत प्राधिकरणको तर्फबाट विरमान रास्कोटी र मधुसुधन चौधरीको समुहले र ॐ नमः शिवायका शक्ती चौरसीया र देव अर्यालले खेलेका थिए । खेलमा ३/२ को सेटमा ॐ नमः शिवायलाई पराजित गरेको हो । विजेता भएसंगै प्राधिकरणले शिल्ड, मेडल, प्रमाण पत्र र नगद १५ हजार रूपियाँ पुरस्कार पाएको छ । दोस्रो भएको र ॐ नमः शिवाय टिमले नगद १० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र पुरस्कार पाएको हो ।




त्यस्तै थाहा नगरपालिका 'इ' टिमलाई पछिपार्दै शिखर क्लव तेस्रो भएको छ । शिखर क्लवका तर्फबाट संग्राम विष्ट र नारायण विष्ट प्रतियोगितामा सहभागी थिए भने नगरपालिकाको तर्फबाट अजित घिमिरे र नरेन्द्र मोक्तान सहभागी थिए । तेस्रो भएसंगै शिखर क्लबले शिल्ड, मेडल, प्रमाणपत्र र नगद ७ हजार रूपियाँ पुरस्कार पाएको छ ।

२६ असारबाट शुरू भएको प्रतियोगितको समापन तथा पुरस्कार वितरण कार्यक्रम थाहा नगरपालिकाका नगर उपप्रमुख भरत गोपालीको प्रमुख आतिथ्यमा भएको थियो । प्रतियोगिताका विजेता तथा उपविजेता खेलाडी तथा टिमलाई प्रमुख अतिथी गोपालीले पुरस्कार वितरण गरे । कार्यक्रममा प्रमुख अतिथी गोपालीले खेलाईहरलाई बधाई तथा शुभकामना दिए ।

पुरस्कार वितरण कार्यक्रम थाहानगर खेलकुद विकास समितिका संयोजक टिकाराम स्याङ्तानको सभाध्यक्षतामा भएको थियो । कार्यक्रममा थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरी शिक्षा शाखाका माधव विक्रम मल्ल, प्रशासन महाशखा प्रमुख अजित घिमिरे, कृषि शाखा प्रमुख संजय तिवारीलगायतकाको उपस्थिती रहेको थियो ।

## थाहानगरको जग्गाको नयाँ मूल्याङ्कन सार्वजनिक

◆ विकास संवाददाता

आर्थिक वर्ष २०७९/०८रू बाट लागु हुने गरी मालपोत कार्यालय शिखरकोट अन्तर्गतको जग्गाको न्यूनतम मूल्य निर्धारण भएको छ । जिल्ला प्रशासन कार्यालय मकवानपुरमा मुल्य निर्धारण समितिका अध्यक्ष एवम् प्रमुख जिल्ला अधिकारी राजेन्द्र देव पाण्डेको अध्यक्षतामा बसेको बैठकले न्यूनतम मूल्याङ्कन निर्धारण गरेको हो । निर्णय १ श्रावणबाट लागु हुनेछ ।

मालपोत नियमावली २०३६ (संसोधित सहित)को नियम ५ (ख)को बमोजिम थैली रकम कायम गरिएको समितिका सदस्य सचिव तथा मालपोत कार्यालय शिखरकोटका प्रमुख मधु लम्सालले जानकारी दिए । आर्थिक वर्ष २०७९/०८०को लागि आफ्नो कार्यक्षेत्रमा पर्ने नगरपालिका तथा गाउँपालिकाको जग्गाको छुट्टाछुट्टै लिखत प्रयोजनका लागि न्युनतम मुल्याङ्कन निर्धारण गरि एको प्रमुख लम्सालले बताए ।



उनले जग्गाको प्रयोजनको अवस्था, चालू आर्थिक वर्षमा कारोबार भएको खरिद बिक्री मूल्य, विभागबाट प्राप्त परीपत्र, सम्बन्धीत स्थानीय तहबाट प्राप्त सुझाव, कार्यालयको स्थलगत अध्ययनलगायतलाई आधार बनाई मूल्याङ्कन गरिएको बताए ।

मालपोत नियमावली २०३६ (संसोधित सहित)को नियम ५ (ख)को बमोजिम पालिकाहरूको जग्गाको वर्षेनी मूल्याङ्कन हुने गर्दछ । नयाँ जग्गाको मुल्याङ्कन अनुसार मालपोत कार्यालयहरूले राजश्व लिने गर्दछन् । त्यस्तै स्थानीय तहहरूले पनि वार्षिक रूपमा हुने जग्गाको मूल्याङ्कन अनुसार नै सम्पत्ती कर तथा मालपोत कर लिने गर्दछन् ।

जिल्लाको थाहानगरले पनि निर्धारित जग्गाको मूल्याङ्कनलाई कार्यान्वयनमा ल्याउने जनाएको छ ।

## बालश्रम अन्त्यका लागि प्रदेश सरकारको ध्यानाकर्षण

◆ विकास संवाददाता

बागमती प्रदेश सरकारलाई बाल अधिकारका क्षेत्रमा काम गर्दै आएकाहरूले बालश्रम अन्त्यका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्न ध्यानाकर्षण गराएका छन् ।

बागमतीका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेलाई ज्ञापनपत्र बुझाउँदै मानव अधिकारकर्मीहरूले प्रदेशमा बालश्रम अन्त्यका लागि विशेष पहल कदमी अपनाउन आग्रह गरेका छन् । राष्ट्रिय बाल संरक्षण संजाल नेपाल, राष्ट्रिय बाल संरक्षण सञ्जाल नेपाल, स्वतन्त्रता अभियान, बाल कल्याण समाज मकवानपुरसहित मानव अधिकार कर्मीहरूले ७ बुँदे सुझाव दिएका छन् । बालश्रम अन्त्य गर्न बागमती प्रदेश बालअधिकार समितिअन्तर्गत् बालश्रम निवारण कार्यदल वा उपसमिति गठन गर्ने र बालबालिका हेर्ने मन्त्रालयअन्तर्गत् बाल संरक्षण तथा बालश्रम निवारण शाखा स्थापना गरी सञ्चालन गर्ने, बालश्रम अन्त्यका लागि बागमती प्रदेशस्तरीय बालश्रम निवारण नीति तथा कार्ययोजनाको निर्माण र कार्यान्वयन गर्न सुझाव दिइएको छ ।

बागमती प्रदेश तहबाट बालश्रम उद्दार तथा संरक्षण व्यवस्थापनका लागि नागरिक संस्थाहरूसँगको सहकार्यमा संरक्षण तथा पुर्नस्थापना केन्द्र सञ्चालन, राष्ट्रिय बालअधिकार परिषद्सँगको सहकार्यमा श्रम क्षेत्रमा संलग्न गराइएका बालबालिकाको संरक्षण, उद्दार तथा खोज तलासका लागि बालबालिका खोजतलास सेवा (१०४) तथा बाल हेल्पलाइन सेवा १०९८ सञ्चालन, बागमती प्रदेश भित्र सञ्चालनमा रहेका उद्योग, व्यवसायहरू, कलकारखाना, कार्यस्थल र आपूर्ति चक्रमा बालश्रम प्रयोग नगर्न नगराउन नीतिगत, कानुनी व्यवस्था गर्ने लगायतका सवालहरू ज्ञापन पत्रमा उल्लेख छ ।



# सम्पादकीय

## विकासमा खेलबाड बन्द गर

संघस्तरीय होस् या प्रदेश वा स्थानीय तहहरुले आ–आफ्नो गौरबको योजनाहरु घोषणा गर्छन् । यस्ता कार्यक्रमहरु उनीहरु वर्षौंपिच्छे घोषणा गर्छन् । तर यि योजनाहरु खेलौनाजस्तो बन्दै गइ रहेका छन् । पछिल्लो समय गौरवका योजनाजस्तैं बन्यो संसदीय छानबिनको काम । अर्थात यो पनि खेलौनाजस्तै बन्यो । संसद्को राष्ट्रिय सरोकार तथा समन्वय समितिले राष्ट्रिय गौरवका आयोजनाबारे गरेको अध्ययन प्रतिवेदन समिति बनेको डेढ वर्षपछि प्राप्त भयो । राष्ट्रिय गौरवका आयोजनाबारे अध्ययन गर्न र समास्या समाधानका लागि सुझाव दिन भनी वि.सं. २०७७ पुस २८ गते ३ उपसमिति बनाएकोमा बल्ल प्रतिवेदन आएको छ । संयोग वा अचम्म कस्तो भयो जसरी करिब–करिब बेखबरका रूपमा यी राष्ट्रिय गौरवका आयोजना चलिरहेका छन् र त्यही रूपमा आयो यो प्रतिवेदन पनि । यो योजना सम्पन्न हुन लागेको समयजस्तै लामो हो । एउटा सरकारी कामको अध्ययन हुन नै डेढ वर्ष लाग्छ भने त्यसले दिएका सुझाव कार्यान्वयन हुन कति लाग्ला अनुमान गर्न सकिन्छ । तर पनि सुझाव आएको छ । यी आयोजनालाई सरकारले विगतकै जस्तो हविगतमा छाड्ला कि सुझावअनुसार छिटोछरितो रूपमा सम्पन्न गर्नेतिर लाग्ला भन्नेचाहिँ हेर्न बाँकी नै छ । सरकारले पूर्वाधार विकासका कार्यक्रममा कुनै अवरोध नआओस्, तिनीहरू समयमै सम्पन्न होउन् भन्दै राम्रो उद्देश्य राखेर आर्थिक वर्ष ०६८/६९ मा पहिलो पटक १७ परियोजनालाई राष्ट्रिय गौरवका आयोजनाका रूपमा पहिचान गराएको थियो । त्यसै क्रममा यो उद्देश्यमा थपिँदै देशमा आजको मितिसम्म आइपुगिँदा राष्ट्रिय गौरवका आयोजनाको संख्या २८ पुग्यो ।

राष्ट्रिय गौरवका परियोजना भनी सूचीकृत हुनुभन्दा अघि नै कतिपय आयोजना सञ्चालनमा नै थिए र समयको हिसाबले वर्षौं बितिसकेका पनि । तर यता दुःखद पक्ष कस्तो भने यो २०७९ सालको मध्यतिर आइपुग्दा पनि यी सबै आयोजना अधुरा नै देखिए । प्रतिवेदनअनुसार यो मितिसम्ममा दुई आयोजना मात्रै सञ्चालनमा आउन सफल भएका पाइयो । यो भनेको प्रगतिका हिसाबले शून्यजस्तै हो । अरु धेरै आयोजनाहरु अलपत्रै छन् । समयको हिसाबले यी गौरवका आयोजना कोही तीन र कोही दुई दशक बितेका छन् । तर सम्पन्न कहिले होलान् भन्ने भगवान भरोसामा छन् । अरु त अरु झण्डै दशक बित्दा पनि कतिपय आयोजनाको त कार्यान्वयन मोडालिटी नै बनेको देखिएन ।

सुरुदेखि नै गौरवमा सूचीकृत भएका तीन ठूला आयोजना सात सय ५० मेगावाटको पश्चिम सेती जलविद्युत् आयोजना, एक हजार दुई सय मेगावाटको बुढीगण्डकी जलविद्युत् आयोजना र निजगढ अन्तर्राष्ट्रिय विमानस्थल । यिनलाई कसरी सञ्चालन गर्ने भन्ने कार्यान्वयन गर्ने मोडालिटी नबनेको भनी प्रतिवेदनमा औँल्याइएको छ । एक हजार दुई सय मेगावाटको बुढीगण्डकी जलविद्युत् आयोजनामा त कल्पनातीतरूपले राजनीति नै भइरहेको छ । यति महत्वको यो आयोजना तीन पटक विदेशीलाई दिइयो र तीनै पटक खोसियो । सरकार फेरिएपिच्छे नीति पनि फेरिएका छन् । अब कुरा गरौं स्थानीय तहहरुको । स्थानीय तहमा पनि पालिकास्तरीय गौरबको योजनाहरु घोषणा हुन्छन् । कार्यान्वयन भएपनि बजेट अभावमा अलपत्र हुन्छन् । अघिल्लो नवनिर्वाचित जनप्रतिनीधिले थालेका कतिपय योजना अझै लथालिङ्ग छन् । यस्तो हुनु भनेको विकासमा खेलबाड हो । यो रोकिनु पर्छ । नरोकिए नागरिकले कहिल्यै विकासको अनुभूति गर्नैं पाउँदैनन् ।



### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |



# ग्रामीण पर्यटनमा विविधीकरण



कृष्ण अधिकारी

ग्रामीण भेगसम्म पर्यटक लैजान नसक्नुको एक कारण कमजोर पूर्वाधार पनि हो। यसमा सुधार हुनु आवश्यक छ।

नेपालमा ग्रामीण पर्यटन प्रवर्द्धनको दृष्टिले सन्तोषजनक नभए पनि सम्भावना भने प्रशस्त रहेको छ । खासगरी ग्रामीण क्षेत्रमा छरिएर रहेका प्राकृतिक तथा सांस्कृतिक सम्पदाको प्रचारप्रसार गरेर कम लगानीमै पनि पर्यटक भित्र्याउन सकिन्छ । ग्रामीण पर्यटनको प्रवर्द्धनबाट धेरै फाइदा लिन सकिन्छ । पर्यटनको प्रवर्द्धन उचित किसिमले हुने हो भने नेपालमा गरिबी उत्थानमा यसले ठूलै भूमिका खेल्ने निश्चित छ । यसले ग्रामीण अर्थतन्त्रलाई बलियो बनाउन मदत गर्दछ ।

नेपालमा पर्यटन विकासको थालनी भएको धेरै वर्षपछि मात्रै व्यवस्थितरूपमा ग्रामीण पर्यटनको अवधारणा आएको पाइन्छ । नागरिक स्तरबाट होमस्टेको अभ्यास सुरू भएको केही वर्षपछि मात्रै कानुनीरूपमा होमस्टेलाई व्यवस्थितरूपमा सञ्चालन गर्न २०६७ सालमा होमस्टे सञ्चालन कार्यविधि ल्याइएको थियो । २०५४ सालमा विधिगतरूपमा सिरूबारीमा पहिलो पटक होमस्टे स्थापना भएको थियो । उद्यपि सरकारले सरकारले पर्यटन योजना सन् १९७१ मा पनि ल्याएको थियो तर यो बाह्य पर्यटकहरू बारेमा कसरी गतिविधि गर्ने भन्ने बारेमा नै केन्द्रित थियो ।

नेपालको पर्यटन नीति २०६५ मा नेपालमा सहरकेन्द्रित भएको पर्यटनलाई गाउँतर्फ उन्मुख गराउन आवश्यक छ भन्ने कुरा उल्लेख गरी उक्त कार्यविधि ल्याइएको हो । ग्रामीण पर्यटनलाई जोड दिन सरकारले राष्ट्रिय रणनीति योजना बनाउन सन् २०११ बाट सुरू गरेर सन् २०१६ मा कार्यान्वयनमा ल्याएको थियो । त्यसपछि यो रणनीतिअन्तर्गत २०१६ देखि २०२५ सम्म १० वर्षे योजनाहरू रहेका छन् । पर्यटनसम्बन्धी रणनीतिक योजना (२०१६-२०२५) ले खालि पर्यटनसित सम्बन्धी परम्परागत पक्षप्रति नै जोड दिइएको छ । ग्रामीण पर्यटनको विकासका लागि कुनै ठोस योजना बनाइएको छैन ।

नेपालमा धेरैभन्दा धेरै पर्यटक भित्र्याउनका लागि ग्रामीण पर्यटनको प्रवर्द्धन गर्नु अनिवार्य छ । नेपाल आइसकेका पर्यटकलाई ग्रामीण क्षेत्रमा पनि लैजान उनीहरूको लागि केही न केही आकर्षित वस्तु हुनुपर्दछ । त्यसको लागि गाउँमा भएका स्रोत साधनहरू र उत्पादित वस्तुलाई नै प्रयोग गरेर पर्यटनहरूलाई आकर्षण गर्न सकिन्छ । यसो हुन सक्यो भने नेपालमा धेरैभन्दा धेरै पर्यटकलाई ल्याउन सकिन्छ । नेपालीहरूसँग भएको अतिथि देवोः भव भन्ने भाव नै पर्यटक आकर्षण गर्ने कारक तत्व हो । पर्यटकहरूले होटलमा खाने खानाभन्दा होमस्टेमा उपलब्ध हुने खानामा फरक स्वाद र बढी आत्मीयता पाउने भएको कारण होटलको अलावा होमस्टे नै रूचाउने गरेको पनि पाइन्छ । साथै होटलको तुलनामा होमस्टे सञ्चालन कार्य सहज र कम खर्चिलो पनि छ ।

नेपाल प्राकृतिक, सांस्कृतिक दृष्टिकोणले अन्त्यन्त सुन्दर र विविधता भएकाले ग्रामीण पर्यटनको प्रवर्द्धन गरी बढीभन्दा बढी विदेशी पर्यटक आकर्षण गर्न यसमा विविधिकरण गर्नु जरूरी छ । यहाँको मौलिक संस्कृति र परम्परागत स्वाद ग्रामीण भेगमा अझै पनि पाइन्छ । नेपालमा खोलानाला, वनजङ्गल, वन्यजन्तु र नेपालीले आफैँले तयार गरेका मठमन्दिर, भेषभूषा रीतिरिवाज खानपान नै पर्यटन आकर्षण गर्ने चिज हुन् । प्राकृतिक सौन्दर्य त्यस क्षेत्रमा रहेको जनजातिको सांस्कृतिक सम्पदाहरूले पर्यटकलाई आकर्षित गर्दछ ।

ग्रामीण पर्यटन प्रवर्द्धनमा होमस्टेले निकै प्रभावकारी भूमीका निर्वाह गर्न सक्छ र गर्दै आएको पनि छ । पछिल्ला केही वर्षयता होमस्टे नेपाली ग्रामीण पर्यटनको बलियो आधारस्तम्भ बनेको छ । तथ्यांकअनुसार अहिलेसम्म ५० भन्दा बढी जिल्लामा होमस्टे सुरू भइसकेको छ । पर्यटन प्रवर्द्धनको निम्ति होमस्टे सञ्चालन गर्ने क्रममा पनि केही सेवाहरू थप गर्नुपर्ने र केही सेवाहरूमा विविधीकरण गर्नुपर्ने आवश्यकता पनि छ । अहिलेसम्म जुन किसिमले सेवा दिँदै आएका छौँ, त्यसमा केही परिवर्तन गर्दै विविधीकरण गर्न सकेको खण्डमा त्यसले पर्यटकमा नयाँ सन्देश प्रवाह गर्न सक्छ । यसअन्तर्गत खानाको स्वाद अर्थात् परिकार तथा स्थानलगायत र हन सक्छन् । साथै खानाको परिकारको हिसाबले हेर्दा पनि नेपाल निकै धनी छ । नेपालको मेचीदेखि महाकालीसम्म ठाउँको विविधीकरण हुँदै जाने क्रममा ती क्षेत्रका खानाहरूमा समेत विविधीकरण छ । विभिन्न जातजातिका आफ्नै अलग–अलग परिकारहरू छन् ।

ग्रामीण भेगमा जनतालाई पर्यटनका माध्यमबाट पनि पैसा कमाउन सकिन्छ भन्ने सकारात्मक सन्देश प्रवाह गरेको छ भने अर्कोतर्फ लुकेर बसेका गन्तव्यको विकास र प्रवर्द्धन उत्तिकै मात्रामा भइरहेको छ । ग्रामीण भेगसम्म पर्यटक लैजान नसक्नुको एक कारण कमजोर पूर्वाधार पनि हो । यसमा सुधार हुनु आवश्यक छ । नेपाल आउने विदेशी पर्यटकलाई नेपाली कला, संस्कृति र रहनसहनसँग परिचित बनाउन प्रचलित रीतिरिवाजको प्रवर्द्धन, आतिथ्य, मैत्री र सद्भावनासँग परिचित गराउन नेपाली शैलीका आवासगृह, चमेनागृह र अन्य आवश्यक पूर्वाधार तयार गर्नुपर्छ । नेपालमा मगर, थारू, गुरूङजस्ता मौलिकतामा धनी जातजातिले होमस्टे चलाएका छन् । उनीहरूको मौलिक पोसाक, स्वादिष्ट खाना र परम्परागत नृत्य तथा संगीतले पर्यटक आकर्षित गर्ने क्षमता राख्छ ।

ग्रामीण पर्यटनलाई गरिबी निवारणसँग आबद्ध गरी प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने, स्थानीय उत्पादनलाई पर्यटन प्रबर्द्धनसँग आबद्ध गरी पर्यटनबाट प्राप्त लाभ स्थानीय समुदायसम्म पुऱ्याउने, समुदायमा स्थापित आदिवासी जनजातिको परम्परागत ज्ञानमा आधारित सम्पदाहरूको संरक्षण गरी पर्यटन विकास एवं प्रवर्द्धनमा आबद्ध गराउने, स्थानीय समुदायहरूद्वारा उत्पादित मौलिक र परम्परागत हस्तकला तथा अन्य उपहार सामग्रीको बिक्रीवितरणको लागि बजार व्यवस्थापनको उचित प्रबन्धजस्ता कार्यनीतिहरू बनाएर राष्ट्रिय पर्यटन नीतिले ग्रामीण पर्यटनलाई ग्रामीण क्षेत्रमा स्वरोजगार र आम्दानीका अवसरहरू प्रदान गर्ने सोच राखेको छ ।

गाउँका परम्परागत व्यवहार, त्यहाको मौलिक संस्कृति, खेतीपाती वा दैनिक व्यवहारको अवलोकन, गाउँको सेरोफेरोको भ्रमण अनि गाउँमै उत्पादन गरिएका सामग्रीहरू खाँदै गाउँकै घरमा बस्ने अनि गाउँमै उत्पादन भएका कोशेलीहरू बोकेर जाने गतिविधिहरू ग्रामीण पर्यटनभित्र पर्छन् । ग्रामीण पर्यटनको अभिन्न पक्ष रहेको होमस्टेमा पनि केही विकृतिहरू देखिन थालेका छन् । होमस्टेको नाममा राज्यबाट छुट र सुविधा लिने अनि गाउँमा रिसोर्ट शैलीमा बढी मूल्य लिएर व्यवसाय गर्ने प्रवृत्ति बढ्न थालेको छ । यस्ता गतिविधिले होमस्टेको वास्तविक स्वाद दिँदैन । ग्रामीण भेगमा हुने पर्यटकीय गतिविधिमा असर पुग्ने गरी भित्रिएका विकृति भने हटाउनुपर्छ ।

ग्रामीण पर्यटन धार्मिक, प्रकृति र संस्कृतिमा आधारित छ । प्रकृति र संस्कृति ग्रामीण क्षेत्रमा नै रहेको हुन्छ । त्यसैले पनि ग्रामीण पर्यटनका सम्भावनाहरू गाउँमा नै हुन्छ । ग्रामीण पर्यटनबाट हुने आम्दानीले बिकासबाट पछाडि परेको ग्रामीण क्षेत्रको विकास हुन्छ । ग्रामीण पर्यटनबाट आर्थिक लाभ लिनसक्ने सम्भावना धेरै रहेको हुन्छ । फुर्सदको बेला भ्रमणमा निस्कने मानिसहरू अहिले सहरी क्षेत्रमा भन्दा ग्रामीण क्षेत्र रूचाउँछन् । एक सर्वेक्षणअनुसार अहिले झण्डै ८० प्रतिशत पर्यटक सहरी क्षेत्रभन्दा ग्रामीण क्षेत्रमा जान चाहन्छन । धुवाँ, धुलो, फोहोरजस्ता प्रतिकूल वातावरणका कारण पर्यटकहरूले ग्रामीण वातावरण रूचाउन थालेका छन् । ग्रामीण पर्यटकहरूले पनि खासगरी नेपालको संस्कृति, प्रकृति र परम्पराको अध्ययनमा रूचि देखाउन थालेका छन् ।

मुलुक सङ्घीयतामा गइसकेको सन्दर्भमा स्थानीय सरकारले ग्रामीण पर्यटनको महत्व बुझ्न सकेको देखिँदैन । कोरोना कहरले थला परेको नेपालको पर्यटन क्षेत्र सजिलैसँग अझै उठ्न सक्ने छैन । अझ परम्परागत किसिमको सहरी सम्पदा तथा संरक्षण क्षेत्रमा आधारित पर्यटनले गति लिनको लागि अझै समय लाग्ने देखिन्छ । विषम अवस्थामा पनि पर्यटनलाई पहिलेकै लयमा फर्काउन सकिने भनेको जोगाउन सक्ने सम्भावना भएका सीमित क्षेत्रहरू छन्, तीमध्ये ग्रामीण पर्यटन सबैभन्दा भरपर्दो क्षेत्र देखिएको छ । तसर्थ, सरकार, निजी व्यवसायी र आम जनताले पनि ग्रामीण पर्यटनको भावना र सिद्धान्तबमोजिम आवश्यक पूर्वाधार निर्माण, मौलिकताको संरक्षण र अतिथि देवो भवः को मर्मलाई कार्यान्वयन गर्न ध्यान दिनुपर्दछ । पर्यटकीय गन्तव्यको विविधीकरण गर्न सकिएमा मात्रै विदेशी पर्यटकलाई लामो समय टिकाउन सकिन्छ र मुलुकको आर्थिक विकासमा उच्च योगदान पुग्ने देखिन्छ ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
विकास
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७१५३३००
२०७९ साउन ०२ गते सोमबार, 18 July 2022, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७


# मास्क लगाउँदा चश्मामा बाफ जम्मा हुन नदिने के गर्ने ?

कोरोना भाइरस संक्रमण सुरु भएपछि संसारभर नै मास्क अनिवार्यजस्तै बनिसकेको छ। पहिले धुँवाधुलोबाट जोगिन एकाधले मास्क लगाए पनि अहिले अधिकांश व्यक्ति नियमित रूपमै मास्क प्रयोग गर्छन् ।

मास्क अहिले दैनिक जीवनको हिस्सा नै बनेको छ। भाइरस संक्रमणबाट बचाउने यसले महत्वपूर्ण भूमिका खेल्ने जनस्वास्थ्यविद्हरूले बताउँदै आएका छन् ।

तर नियमित रूपमा चश्मा लगाउनेहरूलाई मास्क लगाउन समस्या हुने गरेको छ। कारण, चश्मा र मास्क एकैचोटि लगाउँदा मुखबाट आएको बाफले चश्मालाई ढाक्छ र राम्रोसँग देख्नमा समस्या उत्पन्न हुन्छ ।

त्यसैले धेरैले यस्तो समस्यालाई कसरी समाधान गर्ने भनेर सोचिरहेका हुन्छन् । चस्मामा बाफ जम्मा हुने समस्याको समाधानका लागि के-के कुरामा ध्यान दिने भन्ने विषयमा नेत्ररोग विशेषज्ञ डा. प्रतीक्षा अमात्यको सुझाव यस्तो छ :





डा. प्रतीक्षा अमात्य

### चश्मामा बाफ जम्मा हुनबाट बच्ने उपाय

- आजभोलि बजारमा बाफ जम्मा नहुने खालको चस्मा पाइन्छ । त्यो चश्माको प्रयोग गरियो भने पनि मास्क लगाउँदा बाफ जम्मा हुने समस्या हुँदैन । बाफ जम्मा नहुने चश्मा नर्मल पावरको बनाउँदा त्यसको मूल्य २५ सय रुपैयाँ पर्छ ।

- मास्कको नाकको भाग त्रिकोणीय वा भी आकारको हुनुपर्छ, साथै नाकमा राम्ररी फिट हुनुपर्छ । मास्कको नाकको भागमा फलामको रड प्रयोग भएको हुन्छ त्यसलाई राम्ररी प्रेस गरेर लगाउँदा पनि राम्ररी फिट हुन्छ र बाफ जम्मा हुन पाउँदैन ।

-मास्क लगाउँदा नाकमा टेप लगाउने । नाकमा टेप लगाएर मास्क लगाइयो भने चस्मामा बाफ जम्मा हुँदैन ।

-मास्कको डोरीलाई राम्ररी कसेर राम्ररी फिट हुने गरी लगाउँदा पनि चश्मामा बाफ जम्मा हुने समस्या हुँदैन ।

-सधैं पहिले मास्क लगाउने र त्यसपछि मात्रै चश्मा लगाउनुपर्छ यसो गर्दा मास्कलाई चश्माले थिच्छ र बाफ चश्मामा बस्न पाउँदैन ।

-चश्मा लगाउनु भन्दा अघि त्यसलाई साबुनपानीले धोएर लगाउने र त्यसपछि मास्क लगाउने । यसो गर्दा पनि केही मात्रामा भए पनि बाफ कम बस्छ ।

# 'तन स्वस्थ, मन सन्तुलित'

सास नियन्त्रण गर्ने प्रक्रियालाई प्राणायाम भनिन्छ । प्राणायाम दुई शब्द प्राण र आयाम मिलेर बनेको हो। प्राणको अर्थ महत्वपूर्ण ऊर्जा वा जीवन शक्ति हुन्छ । प्राणायाममा श्वासप्रश्वासका माध्यमबाट शरीरका सबै भागमा ऊर्जा सञ्चित हुन्छ । त्यस्तै याम शब्दको अर्थ नियन्त्रण हुन्छ । योगमा यसलाई नियम वा आचारलाई निरूपित गर्नका लागि प्रयोग गरिन्छ । प्राणायाम शब्दसँग याम नभई आयाम शब्द जोडिएको छ । आयामको अर्थ हुन्छ, विस्तार गर्नु । यसलाई प्राणको विस्तार गर्नु पनि भनिन्छ ।

योगगुरु भानुभक्त दाहालका अनुसार प्राणायामले प्राणशक्ति सुधार गर्न र शरीरमा भएको प्राणलाई स्थापित गर्न वा टिकाइराख्न मद्दत गर्छ । 'प्राणायामले उमेर र आयुलाई मात्रै सन्तुलित र संरक्षण नगरी शारीरिक र मानसिक क्षमतामा समेत वृद्धि गराउँछ । उनी भन्छन्, 'प्राणायामले एकाग्रता, स्मरण शक्ति बढाउनुका साथै रोग लाग्नबाट बचाउन समेत महत्वपूर्ण भूमिका खेल्छ ।'

उनका अनुसार प्राणायाममा श्वासको गति बढाउने, घटाउने, भित्र लिने, बाहिर फाल्ने र रोक्ने गरिन्छ । यो विशुद्ध श्वासको गति मिलाउने प्रक्रिया हो । 'प्राणायामले तनाव, अस्वस्थतालाई कम गरेर मन स्थिर बनाउनुका साथै दृढ इच्छाशक्ति जगाउने काम गर्छ । निरन्तर प्राणायाम गर्नाले लामो आयु प्राप्त हुन्छ,' योग गुरु दाहालले अनलाइनखबरसँग भने ।

उनका अनुसार प्राणायाम जोसुकैले पनि गर्न सक्छन् । तर जटिल शल्यक्रिया गरेका र दीर्घरोगीले भने प्राणायाम गर्दा केही कुरामा ध्यान पुर्‍याउनुपर्छ । यस्ता मान्छेले लामो समयसम्म श्वास बन्द गर्दा समस्या आउन सक्छ । मानिसले आफ्नो क्षमता र आवश्यकता हेरेर प्राणायाम गर्न सक्छन् । प्राणायाम गर्न गुरू नै हुनुपर्छ भन्ने नहुने दाहालको भनाइ छ । गुरू भए राम्रो हुने र छिटो सिक्न सकिने भए पनि अहिले सामाजिक सञ्जालमा भिडियो हेरेर पनि प्राणायाम गर्न सकिने उनले जानकारी दिए । अहिले धेरैले सामाजिक सञ्जालमा भिडियो हेरेरै प्राणायाम गर्ने गरेको उनको तर्क छ ।

बिहान घाम नभुल्किँदै गरेको प्राणायाम सबैभन्दा उपयुक्त हुने उनी बताउँछन् । हरेक दिन बिहान चार बजेदेखि ६ बजेसम्म गरेको प्राणायाम स्वास्थ्यका लागि निकै फाइदाजनक मानिन्छ । दाहालका अनुसार प्राणायामका ४० बढी प्रकार छन् । जसमा मुख्यतया प्रचलनमा रहेका नाडी शोधन, भ्रस्तिका, भ्रामरी, कपालभाती, उज्जायी, अग्निसार र उद्धित रहेका छन् । स्वामी विवेकानन्दले 'एक स्वस्थ शरीर एक स्वस्थ मनको पुर्वापेक्षा हो,' भनेका छन् । स्वस्थ शरीरका लागि मन स्वस्थ हुनु जरूरी छ । प्राणायाम गर्न मन स्थिर हुनुका साथै तन र मन दुवै सन्तुलित र स्वस्थ राख्नका लागि गरिन्छ ।

**प्राणायामको नियम**

- प्राणायाम बिहानको समयमा गर्नु उपयुक्त हुन्छ । यो ताजा हावा र ऊर्जाका माध्यमबाट तन मनमा ऊर्जा भर्ने समय हो । प्राणायाम गर्नुभन्दा पहिले स्नान गर्नुपर्छ । स्नान गर्दा तनमन हलुका हुन्छ ।

- प्राणायाम गर्ने स्थानमा पर्याप्त हावा र प्रकाश हुनुपर्छ । बन्द कोठामा प्राणायाम गर्दा झ्याल ढोका खुला राख्नुपर्छ । बन्द कोठामा प्राणायाम गर्दा चक्कर आउन सक्छ । साथै स्थान शान्त र एकान्त हुनुपर्छ ।

- भुईंमा चटाई वा योगा म्याट राखेर प्राणायाम गर्न सकिन्छ । यो पद्मासन, सुखासन, सिद्धासन र वज्रासन जुनसुकै आसनमा पनि गर्न सकिन्छ । प्राणायाम गर्दा कुनै समस्या देखिएमा भुईंमा केही समय भुईंमा बस्न सकिन्छ ।

- प्राणायाम गर्दा आँखा बन्द गर्नुपर्छ । नजरलाई आफ्नो नाकमा केन्द्रित गरेर गरेको प्राणायाम निकै फाइदाजनक मानिन्छ ।

- प्राणायाम गर्दा शारीरिक स्वास्थ्यका साथै मानसिक स्वास्थ्य समेत स्वस्थ हुनुपर्छ । मनमा कुनै व्यभिचार र अनावश्यक विचार आउनु हुँदैन । यदि मन विचलित र कहीं जान केही गर्न हतार भएको दिन प्राणायाम नगर्नु राम्रो हुन्छ ।

- सुरुवाती दिनमा दिनको दुई मिनेट बढी प्राणायाम गर्नु हुँदैन । तर बानी परेपछि दैनिक समय बढाउँदै लैजानुपर्छ ।
- प्राणायाम सकेसम्म दैनिक गर्नुपर्छ । यसले शारीरिक स्वास्थ्यका साथै मानसिक स्वास्थ्यलाई समेत मजबुत बनाउने काम गर्छ ।

**प्राणायामका फाइदा**

- प्राणायामले तनाव, अस्वस्थता र भक्भकाउने समस्याबाट मुक्ति दिलाउँछ ।
- प्राणायामका माध्यमबाट अवसादको उपचार गर्न सकिन्छ ।
- प्राणायामबाट मन स्थिर र दृढ विचारको विकास हुन्छ ।
- निरन्तर प्राणायाम गर्दा आयु बढ्छ ।
- शरीरमा प्राण शक्ति बढाउँछ ।
- शरीरका कुनै नसा बन्द भएमा प्राणायामले खोल्न सहयोग गर्छ ।
- यसले तनमन र शरीरको तालमेल मिलाउने काम गर्छ ।






# युवा नीति बनाउन इन्द्रसरोवरमा बागमती प्रदेशस्तरीय युवा भेला

◆ विकास संवाददाता

मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाको कुलेखानीमा बागमती प्रदेशभरका युवाहरूको सहभागितामा दुईदिने गोष्ठी भएको छ । प्रदेशमा अब हुने युवा नीतिका विषयलाई अन्तिम रूप दिनका लागि भेला भएको हो । प्रदेश युवा परिषद्, बागमती प्रदेशको आयोजनामा कार्यक्रम भएको हो ।

प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईको अध्यक्षता तथा प्रदेशका युवा तथा खेलकुद मन्त्री रत्न प्रसाद ढकालको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । कार्यक्रममा जिल्ला युवा समितिका १३ जिल्लाका अध्यक्षहरू, पार्टीका जनवर्गीय संगठनका केन्द्रका अध्यक्षहरू लगायतकाको सहभागितामा युवा नीति बनाउन लागिएको हो ।



कार्यक्रममा नेपाली काग्रेसका बागमती प्रदेशका सचेतक राधा घले, युवा नीति मस्यौदा समिति संयोजक आर के ढुंगाना, समिती सदस्यहरू महेन्द्र पौडेल, कोपिला, खरेल, सुशील गिरी, रमेश घिमिरे रहनु भएको छ । कार्यक्रममा राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष सुरेन्द्र बस्नेत, अनेरास्ववियुका अध्यक्ष सुनीता बराल, केन्द्रीय युवा नेताद्वय लेखनाथ न्यौपाने र हिमाल शर्मा, राष्ट्रिय युवा परिषद्का पूर्व उपाध्यक्ष माधव ढुंगेल, बागमती प्रदेशका १३ वटा जिल्लाका जिल्ला युवा समिति संयोजकहरू लगायतकाको सहभागिता रहेको छ ।

# लागूऔषध कारोबारी: ११ महिना अवधिमा १ सय ९८ जना पक्राउ

◆ विकास संवाददाता

मकवानपुरको हेटौंडा उपमहानगरपालिका वडा नं १५ बाट प्रहरीले ठूलो परिमाणमा लागुऔषधसहित आइतबार दुईजनालाई पक्राउ गर्यो । पक्राउ पर्नेमा बारा कलैया उपमहानगर पालिका (१३ का २७ वर्षीया सन्तोष साह कलवार र धनुषा महेन्द्रनगर-२ घर भई हाल हेटौंडा-४ स्थित बाइपास रोडमा मुन्ना साइकल स्टोरका सञ्चालक ३७ वर्षीय मुन्ना भन्ने अमनप्रसाद जैसवाललाई मकवानपुर प्रहरीले पक्राउ गरेको हो । कलवार र जैसवाल लागुऔषध कारोबारमा संलग्न एक पात्र हुन् । यस्ता धेरैजना लागुऔषध कारोबारीलाई प्रहरीले पक्राउ गर्ने गरेको छ । वीरगञ्ज नाका हुँदै छिमेकी मुलुक भारतमा लागुऔषध तस्कर गर्नेको मुख्य बाटोको रूपमा रहेको मकवानपुरका बाटोमा रहेका प्रहरी कार्यालयबाट खटिएका टोलीले लागुऔषध तस्करलाई नियन्त्रणमा लिने गरेका छन् ।

लागुऔषध कारोबारमा संलग्न तथा पक्राउ पर्नेमा मकवानपुरमा धेरैको संख्यामा अभियुक्त प्रहरीले पक्राउ गर्दै आएको छ । मकवानपुरको कैलाश, राक्सिराङ, थाहा नगरलगायत अभियुक्तहरू लागुऔषध कारोबारी तथा तस्करको आरोपमा समातिँदै आएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । हप्तामा ३ देखि ५ वटा सम्मको लागुऔषध कारोबारीको अभियोगमा प्रहरीले नियन्त्रणमा लिने गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरको तथ्यांक छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुर ले चालू आर्थिक वर्ष ०७८/०७९ को जेठ मसान्त अर्थात् ११ महिना अवधिमा लागुऔषध कारोबारी १ सय ९८ जनालाई पक्राउ गरेको जनाइएको छ । १ सय ७९ नेपाली नागरिक पक्राउ परेका छन् भने भारतीय नागरिक ११ जना पक्राउ परेका छन् । उनीहरूको साथबाट २ हजार ६ सय १५ किलोग्राम गाँजा, चरेस २० किलोग्राम, खैरो हेरोइन ५९ ग्राम, अफिम १२ किलो ७ सय ७५ ग्राम, नाइट्रोभेट ट्याब्लेट १० हजार ८ सय ५९, डाइजेपाम ट्याब्लेट ९ सय ३७, फेनारगन ९ सय ३८ ट्याब्लेट, नोर्फिन ९ सय ५७ ट्याब्लेट र क्लोरेक्स ५ सय ९० बोतल बरामद गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

आर्थिक वर्ष सुरु भएदेखि साउनमा २५ पुरुष लागुऔषध कारोबारीलाई जिल्लाका विभिन्न स्थानबाट पक्राउ गरिएको मकवानपुर प्रहरीले जनाएको छ । उक्त महिना गाँजा २ सय २९ किलोग्राम, खैरो हिरोइन १५ ग्राम, अफिम ५ किलो ७ सय ग्राम, नाइट्रोभेट ६ हजार ७ सय ६८ पिस बरामद गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरको तथ्यांक छ ।

त्यस्तै, भदौमा ११ पुरुष र १ महिला गरी १२ जना पक्राउ परेका थिए । जसको साथबाट १ सय ६९ किलोग्राम गाँजा, १ ग्राम खैरो हिरोइन, र १८ नाइट्रोभेट ट्याब्लेट बरामद गरेका गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरको तथ्यांक छ । असोजमा ९ पुरुषलाई लागुऔषध कारोबारमा संलग्न भएको आरोपमा पक्राउ गरिएको छ । उक्त लागुऔषध कारोबारमा संलग्न रहेकाको साथबाट १ सय ७५ किलोग्राम गाँजा र १ किलोग्राम अफिम बरामद भएको प्रहरीले जनाएको छ ।

यस्तै, कार्तिकमा ५ जना पुरुषलाई लागुऔषध कारोबारमा संलग्न रहेको अवस्थामा पक्राउ गरिएको थियो । जिल्लाका विभिन्न स्थानमा भएको चेकजाँचका क्रममा उनीहरूको साथबाट १ सय २७ किलोग्राम गाँजा बरामद गरिएको जिल्ला प्रहरी कार्यालयको तथ्यांक छ । मंसिरमा जिल्लाका विभिन्न स्थानबाट १८ पुरुषलाई लागुऔषध कारोबारमा संलग्न रहेको अवस्थामा पक्राउ गरिएको थियो । उनीहरूको साथबाट गाँजा ४८ किलो ५ सय ग्राम, नाइट्रोभेट ट्याब्लेट ३ सय ३९ पिस बरामद गरी आवश्यक अनुसन्धान तथा कारबाही गरिएको मकवानपुर प्रहरीले जनाएको छ ।

त्यस्तै, पुसमा २५ पुरुषलाई पक्राउ गरेको थियो । जसमा ४ सय ४९ किलोग्राम गाँजा, चरेस २० किलोग्राम, नाइट्रोभेट ट्याब्लेट १ सय ३८ पिस बरामद गरि एको जिल्ला प्रहरी कार्यालय मकवानपुरको तथ्यांक छ ।

# बजार व्यवस्थापन समिति पुर्नगठन

◆ विकास संवाददाता

थाहा नगरपालिका वडा न ६ मा अबस्थित नगरको मुख्य बजार बज्रबाराही बजार ब्यबस्थापन समिति पुर्नगठन गरिएको छ।

भेलाले राजभाइ श्रेष्ठको अध्यक्षतामा समितिको पुनर्गठन गरिएको हो। नवगठित समितिको सचीवमा श्रवण कुमार बलामी, कोषाध्यक्षमा जितेन्द्रमान महर्जन, तथा सदस्य हरुमा वसन्त जोशी ,श्याम बहादुर बिडारी, बिराज बलामी ,लक्ष्मि मिया देवी र सुरेन्द्र गोपाली रहेका ब्यबस्थापन समितिका सल्लाहकार प्रमोदकृष्ण जोशीले जानकारी दिए ।

# मकवानपुरका स्थानीय तहको बेरूजु ६६ करोड ८६ लाख पुग्यो

◆ विकास संवाददाता

आर्थिक वर्ष २०७७/०७८ को मकवानपुरको दश स्थानीय तहको बेरूजु ६६ करोड ८६ लाख ६९ हजार औल्याइएको छ । महालेखा परीक्षकको कार्यालयले २९ असारमा सार्वजनिक गरेको ५९ औं प्रतिवेदनमा यस्तो उल्लेख भएको हो । यो बेरूजू रकम आर्थिक वर्ष २०७६/०७७ मा ५७ करोड ७३ लाख ८२ हजार रूपियाँ थियो ।

आर्थिक वर्ष २०७७/०७८ मा पालिकाको सबैभन्दा कम बकैयाको १.०२ प्रतिशत र सबै भन्दा बढि मनहरी गाउँपालिकाको १०.२५ प्रतिशत बेरूजू रहेको छ ।

| क.सं. | पालिकाको नाम | आ.व. २०७६/०७७ | | आ.व. २०७७/०७८ | |
|---|---|---|---|---|---|
| | | बेरुजु (रु.हजारमा) | बेरुजू प्रतिशत | बेरुजु (रु.हजारमा) | बेरुजू प्रतिशत |
| 1 | हेटौंडा उपमहानगरपालिका | १७०६४६ | ४.३८ | १५७०७० | ३.१७ |
| 2 | थाहा नगरपालिका | ८६९६ | ०.४८ | ६२५२५ | ३.९६ |
| 3 | इन्द्रसरोवर गाउँपालिका | १५१७३ | २.८९ | ३५५१६ | ५.०१ |
| 4 | भिमफेदी गाउँपालिका | १०५२४ | १.१२ | ४६०६१ | ४.६९ |
| 5 | मकवानपुरगढी गाउँपालिका | २४२२१ | २.०५ | ६४४९६ | ५.५६ |
| 6 | बागमती गाउँपालिका | ११०४५९ | ११.६६ | २८३६५ | २.३३ |
| 7 | बकैया गाउँपालिका | ३५९४० | २.८४ | १५२६८ | १.०२ |
| 8 | कैलाश गाउँपालिका | २९६६७ | ३.९९ | ४६९९४ | ५.३९ |
| 9 | राक्सिराङ गाउँपालिका | २४३६९ | २.६३ | ४८६७८ | ४.१६ |
| 10 | मनहरी गाउँपालिका | १४७६८७ | ११.५१ | १६३६९६ | १०.२५ |
| | जम्मा बेरुजू | ५७७३८२ | ४.३५५ | ६६८६६९ | ४.५५ |

स्रोत: मलेप प्रतिवेदन

# १२ करोडको डिपिआर, टुक्रा पारेर परामर्शदातालाई बाँडचुँड




◆ विकास संवाददाता

बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले ११ करोड ८९ लाख ७७ हजारको विस्तृत परियोजना प्रस्ताव (डिपिआर) बनाएको छ । मन्त्रालयले आर्थिक वर्ष २०७७/०७८ मा उक्त बजेटबाट १ सय ४९ वटा योजनाको विस्तृत परियोजना निर्माण गरिएको हो ।

महालेखा परीक्षक कार्यालयको ५९ औं प्रतिवेदनमा लागत अनुमानकै आधारमा मात्र विस्तृत परियोजना प्रस्ताव निर्माण गरेको जनाएको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा गरेर खरिद गर्न नहुने व्यवस्था छ । मन्त्रालयले खरिद सम्झौता गरेकाहरू परामर्शदाताहरुसंग १ प्रतिशत भन्दा घटीमा सम्झौता भएको छ ।

त्यसैगरी मन्त्रालय मातहतका निकायको वार्षिक कार्यक्रममा विस्तृत परियोजना प्रतिवेदन तयार गर्न बजेट व्यवस्था गर्ने तथा विस्तृत परियोजना प्रतिवेदन तयार भएका योजनाहरू बजेटमा समावेश नगरी त्यस्तो प्रतिवेदन नभएका योजनाहरु समावेश गर्ने गरेको समेत महालेखाले प्रतिवेदनमा लेखेको छ ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको व्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५५/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# चित्लाङ बाख्रा फार्म र दामन बागवानी फार्म संचालनमै प्रश्न चिन्ह, किन ?



◆ विकास संवाददाता

मकवानपुरको शीतोष्ण वागवानी केन्द्र र बाख्रा विकास फार्म चित्लाङको उत्पादन लागतमै प्रश्न चिन्ह उब्जिएको छ । महालेखा परीक्षकको कार्यालयले जारी गरेको आर्थिक वर्ष २०७७/०७८ को अन्तिम लेखापरीक्षण प्रतिवेदनमा यस्तो उल्लेख भएको हो ।

शीतोष्ण वागवानी केन्द्र दामनमा उत्पादन सामाग्रीमा ३९ लाख ३ हजार खर्चिएकोमा १३ लाख ८६ हजार अर्थात लागतको ३५.५२ प्रतिशत मात्र आम्दानी गरेको छ । यसलाई प्रतिवेदनमा न्यून आय भनी उल्लेख गरिएको छ ।

त्यस्तै बाख्रा विकास फार्म चित्लाङको झनै उत्पादन लागतमा झनै कम देखिएको छ । फार्मले उत्पादन सामाग्रीमा ८१ लाख ९२ हजार लगानी गरेकोमा जम्मा १५ लाख ३५ हजार अर्थात १८.७३ प्रतिशत मात्र आम्दानी गरेको छ । महालेखाले फार्म संचालनमा दक्षता नभएको भन्दै अध्ययन विश्लेषण गर्न भनेको छ ।

# दामन वनस्पती उद्यान प्रवेशमा शुल्क लाग्ने

◆ विकास संवाददाता

मकवानपुरको दामनमा रहेको पर्वतीय वनस्पती उद्यानमा प्रवेश गर्दा शुल्क लाग्ने भएको छ । उद्यानमा २८ असारमा एक कार्यक्रमको आयोजना गरी यस बारे जानकारी गराइएको हो । वन नियमावली, २०७९ १६ असारमा राजपत्रमा प्रकाशन भएसंगै उद्यानमा प्रवेश शुल्क लाग्ने नियम कार्यान्वयनमा आएको हो । नियमावलीको नियम ८ को उपनियम ५ मा उद्यानमा प्रवेश शुल्क लगाउन सकिने व्यवस्था रहेको छ ।




स्थानीय सरोकारवालाहरूको समेत उपस्थितीमा भएको कार्यक्रममा वनस्पति अनुसन्धान केन्द्र मकवानपुरको प्रमुख रघुराम पराजुली, चन्द्रकला ठाकुर र वनस्पति सहायक सागिर हुसेनको उपस्थितीमा भएको कार्यक्रममा उद्यानबाट दिइने सेवाको विषयमा समेत जानकारी गराइएको थियो ।

वनस्पति अनुसन्धान केन्द्र मकवानपुरको प्रमुख रघुराम पराजुलीको सभाध्यक्षतामा भएको कार्यक्रममा थाहा होटल संघका अध्यक्ष शिव कुमार केसी, सिमभन्ज्याङ बजार व्यवस्थापन समितिका अध्यक्ष डेनी श्रेष्ठलगायत स्थानीय पर्यटन व्यवसायीहरूको उपस्थिती रहेको थियो ।

# मकवानपुरगढीको बजेट पारित




◆ विकास संवाददाता

मकवानपुरगढीको बजेट पारित भएको छ । आउँदो आर्थिक वर्षमा ७० करोड ७७ लाख खर्च गर्नेगरी बजेट पारित भएको हो ।

मकवानपुरगढी गाउँपालिकाले नीति तथा कार्यक्रममा प्रस्तुत भएको कुल बजेट ६७ करोड ४४ लाख २२ हजार भएता पनि जनताको असिमित आवश्यकता, विकासमा प्राथमिकतामा राखी योजनाहरूलाई मध्येनजर गरी गाउँपालिकाले आन्तरिक राजश्व वृद्धि गरेर तथा चालु आवमा मौज्दात हुने बजेट समेतलाई दृष्टिगत गर्दै कुल बजेट ७० करोड ७७ लाख ६७ हजारको बजेट पास गरेको छ ।

सोमबार बसेको गाउँसभामा पालिका उपाध्यक्ष एंव बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक मानकुमारी पाख्रीन नेपालीले प्रस्तावित नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गरेकी थिइन् । प्रस्तुत बजेट सभाले सर्वसम्मत बजेट पास गरेको छ ।

पलिकाले कुल बजेट विनियोजनको वडागत योजनाहरूमा ८ करोड २४ लाख, लक्षित वर्गमा ६० लाख, पालिका स्तरीय योजना तथा कार्यक्रमहरूका लागि ५ करोड ४९ लाख ५० हजार रकम विनियोजन गरिएको छ । यसैगरी कृषि विकास क्षेत्रमा ८० लाख, पशुपंछी क्षेत्रमा ८० लाख, शिक्षा क्षेत्रमा १ करोड ९० लाख र स्वास्थ्य क्षेत्रमा ५५ लाख रकम विषयगत शाखा सिलिङ अनुसार बजेट विनियोजन गरिएको उपाध्यक्ष पाख्रीनले बताइन् ।

चालु आवको आगामी आवमा सर्ने अनुमानित दायित्व रकम ७ करोड हुने बताइन् । यसैगरी गाउँपालिकालाई संघीय समपुरक अनुदान वापत ५ करोड ३० लाख प्राप्त भएको छ भने प्रदेश सशर्त र विशेष अनुदान वापत ३ करोड ४९ लाख ३८ हजार रूपैया र प्रदेश समपुरक योजना वापत ३ करोड प्राप्त भएको जानकारी सभामा प्रस्तुत गरेकी थिइन् ।

# थाहानगरले गर्यो कित्ताकाट खुलाउने निर्णय

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिका क्षेत्रमा जग्गा कित्ताकाटलाई वैकल्पिक विधिबाट फुकुवा गर्ने निर्णय भएको छ । थाहा नगरपालिका नगर कार्यपालिकाको २७ असारमा बसेको बैठकले सडकलाई आधार बनाउँदै जग्गा कित्ताकाट खुलाउने निर्णय गरेको हो ।

नगरपालिकको निर्णयानुसार अब सडक दायाँबाया आवास क्षेत्रको रूपमा विकास गरिने भएको छ । नगरपालिकाले त्रिभुवन राजपथदेखि दायाँबायाँ २ सय मीटर क्षेत्रलाई आवासीय क्षेत्रको रूपमा तोकेको छ ।

त्यस्तै, कुन्छाल कुलेखानी सडकको २ सय मीटर, गणेशमान सिं मार्गको दायाँबायाँ २ सय मीटर, नागदह दामन डाँडाबास मोरिया महादेववेशी सडक दायाँबायाँ २ सय मीटर क्षेत्रलाई नगर पालिकाले आशिय क्षेत्रको रूपमा तोकेको छ ।

नगर कार्यपालिकाले पालिकाको भूउपयोग नीति निर्माण नहुँदासम्म यस्तो व्यवस्था कार्यान्वयन गर्ने निर्णय भएको प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरीले जानकारी दिए ।



*नगरपालिकाले त्रिभुवन राजपथदेखि दायाँबायाँ २ सय मीटर क्षेत्रलाई आवासीय क्षेत्रको रुपमा तोकेको छ ।*

त्यस्तै पालिका अन्तर्गत निर्माण भएका अन्य सडकको भने १ सय मीटर दायाँबायाँ मात्र आवाशिय क्षेत्रको रूपमा तोकेको छ । यि बाहेक अन्य सबै जग्गा कृषि क्षेत्र जमिनको रूपमा कार्यान्वयन हुने पालिकाले जनाएको छ ।

यसैबीच अंशवण्डा र साँध सीमानालाई कृषि तथा आवसिय क्षेत्र दुवैमा कित्ता काट खुल्ला गर्ने नगर कार्यपालिकाको निर्णय रहेको छ ।



# बाढीपहिरोबाट जोखिम

- जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउँछ ।
- वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भू-क्षय रोक्ने खालका विरुवा रोपौं र संरक्षण गरौं ।
- आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं ।
- बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।

आफू पनि बचौं अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



नेपाल सरकार
गृह मन्त्रालय
**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग**
सिंहदरबार, काठमाडौं

## सामाजिक सुरक्षा परिचयपत्र नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना




सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले २०७९ श्रावण १ गतेदेखि २०७९ भाद्र मसान्तसम्म आफ्नो स्थायी ठेगाना रहेको वडा कार्यालयमा लाभग्राही स्वयं उपस्थित भई अनिवार्य रुपमा परिचयपत्र नवीकरण गरौं

**तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन।**

**थाहा नगरपालिका**
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर मकवानपुर



# नगरौं विवाहका कुरा: भएको छैन बिस वर्ष पूरा

बालविवाह सामाजिक अपराध हो । बालविवाह नगरौं, नगराऔं ।




"सानै छु बढ्न देऊ, विवाह हैन पढ्न देऊ"

बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविष्य निर्माणमा आजैदेखि सबै लागौं ।

**थाहा नगरपालिका**
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर